व्यास नगरकार्यपालिकाको २१८ औं बैठक आज मिति २०८२/०३/०८ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री बिष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८२/०३/०४ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: आ.ब. ०८२/०८३ का लागि प्रस्तावित बजेट कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.३: ४३ औं नगर सभामा पेश गरिने आर्थिक विधेयक, २०८२ सम्बन्धमा ।
प्रस्ताव नं.४: ४३ औं नगर सभामा पेश गरिने विनियोजन विधेयक, २०८२ सम्बन्धमा ।
प्रस्ताव नं.५: ४३ औं नगर सभामा पेश गरिने केही ऐन संशोधन विधेयक, २०८२ सम्बन्धमा ।
प्रस्ताव नं.६: कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.७: शैक्षिक कृयाकलापमा खटिने व्यक्तिलाई खर्च व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.८: प्रधानाध्यापक नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.९: विद्यालय प्रोत्साहन अनुदान सम्बन्धमा ।
प्रस्ताव .१०: मानुङकोटको मापदण्ड सम्बन्धमा ।
प्रस्ताव नं.११: अत्यावश्यक र विपद्जन्य काम सम्बन्धमा ।
प्रस्ताव नं.१२: शीर्षकान्तर सम्बन्धमा ।
प्रस्ताव नं.१३: आ.व. ०८१/८२ मा नयाँ तरकारी पकेट विकास कार्यक्रमको भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.१४: नगर प्रमुख शिक्षक सुधार कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.१५: सटर भाडामा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.१६: गौसंरक्षणको लागि पराल खरिद गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१७: सहकारी मार्फत बिक्री हुने दुध र खसी/बोका मासुमा किसानलाई अनुदान कार्यक्रमको दोस्रो अर्ध-वार्षिकको भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.१८: शिक्षक कामकाजमा लगाउने सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस अघि मिति २०८२/०३/०४ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरी कार्यान्वयन हुन बाँकीमा सम्बन्धित जिम्मेवार पदाधिकारीलाई कार्यान्वयनको निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ का लागि प्रस्तावित रू.१,७५,८४,१९,०००। को आयव्यय बजेट कार्यक्रम उपप्रमुख श्री इन्दिरा दरैबाट बैठकमा पेश भएकोमा ४३ औं नगर सभामा पेश गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ का कर तथा गैह्र कर सम्बन्धी संशोधित दरहरु राजश्व परामर्श समितिबाट बैठकमा पेश हुँदा आर्थिक विधेयक २०८२ मा समावेश गरी ४३ औं नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा विनियोजन विधेयक २०८२, ४३ औं नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट पारित विभिन्न ऐनमा संशोधन गर्न आवश्यक भएको भनी विधायन समितिबाट प्रस्ताव पेश गरिएकोमा व्यास नगरपालिका केही ऐन संशोधन विधेयक २०८२, ४३ औं नगर सभामा पेश गर्ने स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा कृषि विकास उपशाखाको चालु आ.व.को सशर्त अनुदान तर्फको कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम (खर्च शीर्षक २०८४) सञ्चालनको लागि कृषकहरुको घर/घर गई वार्षिक कृषि सर्वेक्षण कार्यका निम्ति खटिएका यस कार्यालयका विभिन्न वडाका सम्बन्धित कृषि/पशु प्राविधिकहरुलाई दैनिक यातायात खर्च वापत रू.५००। (अक्षेरुपी पाँच सय रुपयाँ मात्र) प्रदान गर्न शाखाबाट प्राप्त प्रस्तावलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत विद्यालयहरुमा हाल कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रम हाम्रो व्यास नगर सहजीकरणका लागि शीर्षक निर्देशिका, अभ्यास पुस्तिका र सामुदायिक विद्यालयहरुका लागि शीर्षक डायरी, कक्षा १-३ को विद्यार्थीहरुको लागि एकीकृत पाठ्यक्रम अन्तर्गतको मूल्याङ्कन अभिलेखीकरण पुस्तिका व्यवस्थापन गर्न र स्थानीय पाठ्यक्रम (हाम्रो व्यास नगर) शिक्षक निर्देशिका लेखनका लागि खटिने व्यक्तिहरुलाई पारिश्रमिक, खाजा खाना तथा मसलन्द खर्च व्यवस्थापनका लागि सि.नं.९५ खर्च शीर्षक ८२ बाट व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा विद्यालयबाट प्रधानाध्यापक छनौट प्रकृया पुरा गरी अनुमोदनका लागि यस कार्यालयमा पेश भएका तपसिल अनुसारका विद्यालयहरुमा प्रधानाध्यापक पदमा दिइएको नियुक्ती अनुमोदन गर्ने निर्णय गरियो ।

| क.सं. | विद्यालय | वडा नं. | सञ्चालित कक्षा | सिफारिस भई आएको शिक्षकको नाम, थर | अनुमोदित नियुक्तिको किसिम |
|---|---|---|---|---|---|
| १. | सिद्धवेनी मा.वि. व्यास १३ | १३ | १ देखि १० | रोदन थापा मगर | निमित्त प्रधानाध्यापक |
| २. | नयाँ ज्योती प्राथमिक विद्यालय | ८ | १ देखि ५ | कृष्णचन्द्र मिश्र | प्रधानाध्यापक |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८१/०८२ को सशर्त अनुदान तर्फ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत तोकिएका सूचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयहरुलाई प्रोत्साहन अनुदान शीर्षकमा विनियोजन भई आएको अनुदान रकम रू.५,००,०००। (अक्षेरुपी पाँच लाख मात्र) निम्न विद्यालयलाई निकासा दिने निर्णय गरियो ।

| क.सं. | विद्यालय | वडा नं. | अनुदान रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री उदय मा.वि. | ५ | ३,००,०००। | माध्यमिक विद्यालय तर्फ |
| २. | श्री पञ्चज्योति आ.वि. | ७ | २,००,०००। | आधारभुत विद्यालय तर्फ |

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा पर्यटकीय स्थान मानहुँकोटको मापदण्ड सम्बन्धमा छलफल हुँदा ४३औं नगर सभामा प्रस्ताव गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य एवं तत्काल मर्मत सम्भार गर्नुपर्ने निम्न लिखित विषयमा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | खेलकुद सामग्री खरिद गोशली स्पोर्टस भुक्तानी | २ | २५,०००।- | ११४ |
| २. | हैरान्स क्लब बास्केट बल प्रतियोगिता कार्यक्रम | ५ | ५०,०००।- | ११४ |
| ३. | विपन्न महम्मद मिया, शेषटार घर निर्माण सहयोग | ६ | ४०,०००।- | ८७४ |
| ४. | राम श्रेष्ठ महतो रिस्ती आयुर्वेद | ८ | ३०,०००।- | ६१ |
| ५. | दीर्घबहादुर भण्डारी, हावाहुरीबाट घर छाना क्षति | ९ | १०,०००।- | विपद |
| ६. | देउराली मिलनचोक मोटर मार्ग मर्मत सम्हार | १० | ७०,०००।- | मर्मत कोष |
| ७. | पवन दरै उपचार खर्च सहयोग | १० | ३०,०००।- | ६१ |
| ८. | ऋषि राना, तनहुँसुर हावाहुरीबाट गोठ भत्किएकाले राहत | ११ | २०,०००।- | विपद |
| ९. | पराशर मार्गबाट बागेश्वरी मार्ग जाने बाटोमा कल्भर्ट संरक्षण | ११ | ५५,०००।- | ८९३ |
| १०. | कार्यालयमा ए.सी. खरिद | | ८,५३,०००।- | ७६८ |
| ११. | रोट्याक्ट क्लब विविध कार्यक्रम २०८१/२/७ को | | ५०,०००।- | ६९ |

| | | | | |
|---|---|---|---|---|
| | निर्णयको बाँकी भुक्तानी | | | |
| १२. | चैतेदशैं मेला आयोजना सहयोग | भानु १० | २५,०००।- | ६९ |
| १३. | विपन्न प्रदिप परियार, पोशाक खर्च समेत | | ५,०००।- | ६९ |

**<u>निर्णय नं.१२:</u>** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाबाट भुक्तानीको दायित्व भएको सम्बन्धित शीर्षकमा रकम अभाव रहेकाले नगर सभाबाट अनुमोदन हुने गरी निम्नानुसार शीर्षकान्तर गर्ने निर्णय गरियो ।

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | खड्गकाली मोटर मार्ग समपुरक (दोस्रो चरण, न.पा. लागत)-८१५ | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २,०००.०० | |
| २ | ८०४३८४०३१०१ | करार सेवा शुल्क (कर्मचारी तलब)–वडा र मुख्य कार्यालय कर्मचारी-८ | 22413 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ८००.०० | |
| ३ | ८०४३८४०३१०१ | स्थायी कर्मचारी तलब–७ | 21111 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ४,५००.०० | |
| ४ | ८०४३८४०३१०१ | जनप्रतिनिधिहरुको सुविधा-१ | 21112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७२५.०० | |
| ५ | ८०४३८४०३१०१ | करार सेवा शुल्क (कर्मचारी तलब)–स्वास्थ्य संस्था करार कर्मचारी तलब -११ | 22413 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ९७५.०० | |
| ६ | ८०४३८४०३१०१ | कर्मचारी कल्याण कोष-२० | 21214 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७,०००.०० | |
| | | | | | | | | १६,०००.०० | |

बढाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | करार सेवा शुल्क (कर्मचारी तलब)–वडा र मुख्य कार्यालय कर्मचारी-८ | 22413 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ८००.०० | |
| २ | ८०४३८४०३१०१ | स्थायी कर्मचारी तलब–७ | 21111 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ४,५००.०० | |
| ३ | ८०४३८४०३१०१ | जनप्रतिनिधिहरुको सुविधा-१ | 21112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,०००.०० | |
| ४ | ८०४३८४०३१०१ | जनप्रतिनिधिहरुको सुविधा-१ | 21112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २७५.०० | |
| ५ | ८०४३८४०३१०१ | करार सेवा शुल्क (कर्मचारी तलब)–स्वास्थ्य संस्था करार कर्मचारी तलब -११ | 22413 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७००.०० | |
| ६ | ८०४३८४०३१०१ | कर्मचारी कल्याण कोष-२० | 21214 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७,०००.०० | |
| ७ | ८०४३८४०३१०१ | विविध फुटकर योजना-८१७ | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २,०००.०० | |
| | | | | | | | | १६,२७५.०० | |

**अक्षरेपी : रुपैयाँ सोह्र हजार दुइ सय पचहत्तर मात्र।**

**<u>निर्णय नं.१३:</u>** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा कृषि विकास उपशाखा आ.व.०८१/८२ सर्शत अनुदान तर्फको नयाँ तरकारी पकेट विकास कार्यक्रम सञ्चालनका लागि छनौट भएको तपसिलका सहकारीले सम्झौता अनुसार कार्यसम्पन्न गरेकोले पकेट प्राविधिक समिति मार्फत सिफारिस भए बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.स. | समूह/सहकारीको नाम | ठेगाना | सम्पन्न क्रियाकलापहरूको विवरण | अनुदान प्रतिशत | भुक्तानी रकम एकमुष्ठ रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | आधारशीला महिला उद्यमी सहकारी सस्था लिमिटेड | व्यास-१२ | १) कृषि औजार तथा उपकरणहरु (मिनी टिलर)<br>२) डिजिटल तराजु<br>३) साना सिँचाई (पाइप, ड्रम, मोटर)<br>४) बीउ विजन<br>५) प्लाष्टिक टनेल | ५०%<br>५०%<br>८५%<br>५०%<br>५०% | ३,६७,८५५ | |

**<u>निर्णय नं.१४:</u>** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आ.व.२०८१/०८२ को शिक्षा सम्बन्धी नीति तथा कार्यक्रम र बजेट पुस्तिका सि.न.९१ बजेट कोड ७८ नगर प्रमुख शैक्षिक सुधार योजना कार्यक्रम कार्यान्वयनका लागि नगर शिक्षा योजना निर्माण समिति र शिक्षा तथा सामाजिक विकास शाखाद्वारा तयार गरी पेश भएको पञ्चवर्षीय नगर शिक्षा योजना २०८२-२०८७ अनुमोदन गर्ने र उक्त

पञ्चवर्षीय नगर शिक्षा योजना निर्माणका लागि खटिनु हुने कार्यदलका सदस्यहहरु लगायतका व्यक्तिहरुलाई नियमानुसारको पारीश्रमिक रकम र खाजा/खाना, मसलन्द खर्च सि.नं.९१ बजेट कोड ७८ नगर प्रमुख शैक्षिक सुधार योजना कार्यक्रमबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा कार्यालयले पटक पटक सूचना प्रकाशन गर्दा समेत भाडामा लाग्न नसकेका तपशिल बमोजिमका पसल कवलको न्यूनतम भाडामा २० प्रतिशत कम गरी सूचना प्रकाशन गरिएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल:**

| क.सं. | कोठा नं. | न्यूनतम भाडा दर | २० प्रतिशत कम गरी कायम भाडा | कैफियत |
|---|---|---|---|---|
| १ | १०६ | ३६,१२०। | २८,८९६। | |
| २ | यु-३ | १,२२,२१०। | ९७,७८६। | एन.एम.वि. बैक भएको |
| ३ | ११३ | २९,७००। | २३,७६०। | |
| ४ | ००१ | ६,०५०। | ............... | एन.एम.वि. एटिएम रहेको |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० स्थित गौसंरक्षण तथा सरसफाई व्यवस्थापन उपभोक्ता समितिद्वारा गाईलाई खुवाउने पराल खरिद गरी रकम भुक्तानी माग भई आएको हुँदा संघीय सरकारको सशर्त अनुदानको शीर्षक नं.९५६ बजेट कोड नं.८७७ बाट खर्च लेख्ने गरी गौसंरक्षण तथा सरसफाई व्यवस्थापन उपभोक्ता समितिलाई रू.५,००,०००। (अक्षेरुपी पाँच लाख मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा पशु पन्छी विकास उपशाखाको आ.व ०८१/०८२ को वार्षिक स्वीकृत (बजेट कोड ११२) सहकारी मार्फत बिक्री हुने दुधमा र (ब.कोड ११३) खसी/बोका मासु मा किसानलाई अनुदान कार्यक्रममा छनौट भएका सहकारी संस्थाहरुलाई दोस्रो अर्धवार्षिक (२०८१ माघ महिनादेखि २०८२ असार १२ सम्म) को सहकारीबाट पेश हुने दुध, खसी/बोका सङ्कलन/बिक्री वितरण विवरण एवं अन्य कागजातका आधारमा अनुदान प्रदान गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा अमरज्योती मा.वि. व्यास १२ मा कार्यरत मा.वि. नेपाली राहत शिक्षक श्री गणेश लोहनीलाई अर्को व्यवस्था नहुँदासम्म व्यास १० स्थित चण्डीदेवी राष्ट्रिय मा.वि. मा कामकाजका लागि खटाउने निर्णय गरियो ।

***